# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्याः-२०८२/०८३
च.नं.:-

मितिः-२०८२।०६।१०

## सूचना । सूचना ॥ सूचना ॥।

## सूचना प्रकाशित मितिः- २०८२।०६।१०

जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं.१० स्थितको रहेको श्री अभिनन्दन आ.वि. सारी नजिकको सार्वजनिक पोखरीको आ.व.२०८२।०८३ को २०८२ साल कार्तिक १ गते देखी आ.व. २०८७।०८८ को २०८७ साल असोज मसान्त सम्मको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक माहानुभावहरुले निम्न शर्तको अधिनमा रही शिलबन्दी दरभाउ पत्र दिनहुन सर्वसाधारणको जानकारीको लागि यो १५ दिने सिलबन्दी दरभाउ पत्र दर्ता गराउन हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१ उल्लेखित पोखरीको शिलबन्दी दरभाउ पत्र खाममा पोखरीको नाम उल्लेख भएको हुनु पर्ने छ ।

२ दरभाउ पत्र फाराम दस्तुर यस कार्यालयवाट पछि फिर्ता नहुने गरी रु.१,०००।- तिरी १५औं दिन सम्म यस कार्यालयवाट कार्यालय समय सम्म खरिद गर्न सकिने छ ।

३. शिलबन्दी दरभाउ पत्र १६ औं दिन दिनको १:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।

४ पर्न आएको शिलवन्दी दरभाउ पत्र १६ औं दिन दिनको ३ :०० वजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोलिने काम रोकिने छैन ।

५ शिलबन्दी दरभाउ पत्र दिने व्यक्ति नेपाली नागरिक भएमा ५ प्रतिशत तथा गैर नेपाली नागरिक भएमा १० प्रतिशत यस कार्यालयको जलेश्वर स्थित रहेको रा.वा. वैंकमा धरौटी हि.नं. १२७०१००३०३००००३ मा जम्मा गरेको वैंक भाउचर सक्कल, टिकट वापत रु.१०।-को नोट तथा फर्मको हकमा २०८३ असाढ मसान्त सम्म नविकरण सहितको फर्म लगायत अन्य प्रमाणपत्रको प्रतिलिपि सम्वन्धी कागजातहरु र व्यक्तिको हकमा ना.प्र.पत्रको फोटोकापी समेत दरभाउ पत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ तथा धरौटी रकम नगदलाई मान्यता दिइने छैन ।

६ सबै भन्दा बढी कबुल अंकवालाको ठेक्का स्वीकृत भएपछि तोकिएको समयमा पट्टा उठाउनु पर्नेछ । पट्टा उठाउन नआएमा राखेको धरौटी रकम जफत गरी नियमानुसार क्रमशः ठेक्का अर्कोलाई दिने नदिने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७ ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक्का अंकको प्रथम किस्ताको रकम यस कार्यालयमा नगदै रकम प्राप्त भए पछि पट्टा दिने र कवुलियतको कार्य हुनेछ । साथै अन्य किस्ताको हकमा अगामी वर्ष असोज मसान्त भित्र अर्को किस्ता बुझाउनु पर्ने छ र सो नवुझाएमा ठेक्का रद गर्ने तर्फ कार्यवाही भै जाने छ ।

८ किस्ताको हकमा कवुल अंकको ५ किस्ता कायम गरिनेछ ।

अधिकृत 'सातौं'

प्रमुख प्रशासकिय अधिकृत

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-

मितिः-२०८२।०६।१०

९.दरभाउ पत्र फाराममा कुनै किसिमको शर्त वा कैफियत उल्लेख गर्न पाईने छैन । उल्लेख गरेको दरभाउ पत्र स्वत: रद्द हुनेछ ।

१०. ठेकदारको सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण किस्ता रकम एकमुस्ट बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

११. नगरपालिकाले तोकिएको समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत ब्याज सहित असुल गरिनेछ । वा नियमानुसार ठेक्का रद्ध गरि धरौटी जफत गर्न सकिनेछ ।

१२. ठेक्का लिदां नेपाल सरकारलाई बुझाउनु पर्ने कर , दस्तुर स्वयम ठेकेदारले नै बुझाउनु पर्नेछ र बुझाएको प्रमाण पेश हुन आएमा धरौटी रकम फिर्ता गरिनेछ ।

१३. पोखरीको चलन गर्दा साविकको आकार प्रकारमा न.पा. को स्वीकृती विना कुनै पनि किसिमले हेरफेर गर्न पाइने छैन ।

१४. पोखरीमा कुनै किसिमको विकास निर्माण कार्य गर्नु परेमा नगरपालिका कार्यालयले कुनै समयमा कुनै काम गर्न सक्नेछ । विकास निर्माणको कार्य गर्दा क्षतिपुर्ति सम्वन्धमा न.पा. को निर्णय अनुसार हुनेछ ।

१५. ठेक्का लिदां हुने हानी नोक्सानी, दैवी प्रकोप वा अन्य हानी नोक्सानीको जवाफदेही कार्यालयको नभई स्वयं ठेकदारनै हुनेछ । अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।

१६. यस कार्यालयको कुनै पनि ठेक्काको रकम वाकी रहेको व्यक्तिलाई ठेक्का दिइने छैन ।

१७. नगरपालिकाले दिएको निर्देशन र निर्णयको पालन ठेकदारले गर्नुपर्ने छ ।

१८. कबुल अंकमा ठेक्का दिने नदिने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१९. रित नपुगेको वा म्याद नाघी आएको दरभाउ पत्र माथि कुनै किसिमको कार्यवाही गरिने छैन ।

२० अन्य कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा राजश्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ । वा यस न.पा. कार्यालयको अफिसियल वेभसाइटमा समेत सूचना प्रकाशन भएको हेर्न सकिन्छ ।

२१. यस सुचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

२२. वडा नं.१० स्थितको रहेको श्री अभिनन्दन आ.वि. सारी नजिकको सार्वजनिक पोखरीको न्यून्तम अंक रु. १०,००,०००।- ( दश लाख मात्र ।)

अधिकृत 'सातौं'

प्रमुख प्रशासकीय अधिकृत

"पवित्र,सुन्दर,हरित,समृद्ध जलेश्वर"

web:www.jaleshwarmun.gov.np,info@jaleshwarmun.gov.np

CamScanner